आज मिति २०८३।०१।१७ गते विहीबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिलको कार्यसूचीमा रहेका प्रस्ताव माथि छलफल गरी आवश्यक निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | लक्ष्मी बहादुर खत्री | का. वडाध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं.२ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं.३ | — |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | — |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | — |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | यम प्रसाद पोख्रेल | वडाध्यक्ष वडा नं. १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रावती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | — |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

CamScanner

**बाणगङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाणगङ्गा, कपिलवस्तु ।**

## आ.व.०८२।८३ कार्यपालिका बैठक, मिति: २०८३।०१।१७ गते, बैठक संख्या:१३ को प्रस्ताव, कार्यसूची र निर्णयहरु

**प्रस्ताव नं. १३.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा,**

**प्रस्ताव नं. १३.२ अध्ययन विदा स्वीकृत सम्बन्धमा,**

CS CamScanner

**मितिः २०८३।०१।१७ गते, बाणगङ्गा नगरपालिका नगर कार्यपालिका बैठक सङ्ख्या १३ का निर्णयहरु**

**प्रस्ताव नं. १३.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**
**निर्णय नं. १३.१** अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था माथी छलफल भयो, निर्णयहरुलाई यथासक्य चाडो कार्यान्वयनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३.२ अध्ययन विदा स्वीकृत सम्बन्धमा,**
**निर्णय नं. १३.२** यस कार्यालय अन्तर्गत पिपरा अस्पतालमा स्थानीय स्वास्थ्य सेवा, हेल्थ इन्स्पेक्सन समूह अन्तर्गतको जनस्वास्थ्य निरीक्षक पद छैटौं तहमा कार्यरत कर्मचारी सङ्केत नं. २३३७४६ का दिपक पाण्डे चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानबाट मिति २०८३।०१।१२ गते सञ्चालित एनेस्थेसिया असिस्टेन्ट कोर्ष (१ वर्षे) को प्रवेश परीक्षामा उत्तीर्ण भएको र अध्ययनको लागि ऐनले तोकेको न्यूनतम मापदण्ड पुरा भएको भनी अध्ययन विदा स्वीकृतिको लागि विदाको निवेदन (अनुसूची-२५) भरी पेश गरेको । स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ६० को उपदफा (२) मा कर्मचारीले अध्ययन विदा लिनु पर्ने कारण सहित दिएको निवेदन अनुसार मनासिव देखिएमा कर्मचारीले सेवा अवधिभरमा एकै पटक वा पटक-पटक गरी तीन वर्षसम्म अध्ययन विदा पाउनेछ । तर स्थानीय तहले आवश्यक ठानेको अवस्थामा अध्ययन विदाको अवधि दुई वर्षसम्म थप गर्न सक्नेछ र स्वास्थ्य सेवाका कर्मचारीले प्रचलित सङ्घीय स्वास्थ्य सम्बन्धी कानूनले तोके बमोजिम अध्ययन विदा पाउने व्यवस्था रहेको साथै ऐनको दफा ६०को उपदफा (५) मा सम्बन्धित सेवा, समूह, उपसमूहलाई उपयोगी र आवश्यक पर्ने विषयमा स्थानीय तहको पूर्व स्वीकृति लिई निजी प्रयासमा अध्ययन गर्न जाने कर्मचारीलाई दफा ६० को उपदफा (२) बमोजिम अध्ययन विदा दिन सकिने व्यवस्था समेत रहेको । ऐनको दफा ६४ बमोजिम अध्ययन विदा स्वीकृत गर्ने अधिकारी प्रमुख सचिव हुने व्यवस्था भएकोले कार्यपालिका मार्फत मितिः२०८३।०२।०१ गते देखि २०८४ बैशाख मसान्तसम्म अध्ययन विदा स्वीकृत गरी प्रदेश प्रमुख सचिवज्यू समक्ष अध्ययन विदा स्वीकृतिको लागि सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।